निजि वितरणको लागि मात्र

ECHOES
NEPAL

श्री राम चन्द्र मिशन ®

जनवरी २०१४ खण्ड ३, अंक १

मणपाक्कम, डिसेम्बर ३१, २०१३ - जनवरी १, २०१४

क्रिसमस पछि मालिकलाई हल्का जरो आएको थियो जुन चिकित्सकको लागि चिन्ताको विषय भएको थियो । तथापि ३० नवेम्बरको सांझमा उहाँको स्वास्थमा सुधार हुन गयो । नयाँ वर्षको लागि चेन्नाई तथा अत्य केन्द्रहरूबाट करिब आठ हजार अभ्यासीहरू सहभागी भएका थिए । अभ्यासीहरूलाई बस्ने व्यवस्था पिढ़ी तथा खेल मैदानमा मिलाईएको थियो । नयाँ वर्षको अघिल्लो साँझमा ध्यान हलमा वालवालिकाको नृत्य कार्यक्रम राखिएको थियो जुन मालिकले टि.भी. लिंकको माध्यमबाट हेर्नुभयो ।

१ तारिखको विहान ध्यान हल तथा पिढीहरू पूर्ण नै भरिएका थिए । कसैले पनि यो अपेक्षा गरेको थिएन् कि मालिकले सत्सङ्ग संचालन गर्नु हुनेछ तर सबैको खुशी र आश्चर्यको रूपमा मालिक ध्यान हलमा आउँनु भयो उहाँ आईपुग्नु हुना साथै त्यहाँ ठूलो खुशीयाली छायो र सबैलाई नयाँ वर्षको शुभकामना व्यक्त गर्नुभयो । यो मालिकद्वारा साँच्चिकै उपहार थियो । सत्सङ्ग करिब एक घण्टा चल्यो त्यसपछि तीन वटा भजनहरू अभ्यासी गायकहरूले गाए र तत्पश्चात मालिकले सदाको जस्तै स्पष्ट र उर्जायुक्त स्वरमा बोल्नु भयो ।

उहाँले भन्नुभयो कि एउटा व्यक्तिले कति वर्षसम्म ध्यान गरे त्यो धेरै महत्वपूर्ण छैन जस्तो कि भनिएको छ । ऋषिहरूले कैयन हजार वर्षसम्म ध्यान गरे तर सहजमार्गमा एउटै जीवनकालमा पनि लक्ष्य प्राप्त गर्न सकिन्छ । त्यसैले कम से कम तपाईंहरू जाग्नु होस्, आफ्नो हृदयबाट सबै घृणाहरू मिल्काउनु होस्, अन्य मानिस प्रतिको तिरस्कार हटाउनु होस्, तपाईंलाई थाहा छ, अरु मानिसहरूको मूल्याङ्कन ऐनामा हेर्नुहोस् । तपाईं के हुनुहुन्छ 'स्नो व्हाइट' भन्ने कथामा भएकि रानी जस्तो । उनमा घृणा बढयो र उनले 'स्नोव्हाइट' लाई नासगर्न खोज्न । तर हाम्रो लागि, हामी आफूस्वयंलाई जति बढी ऐनामा हेर्दछौं, सत्य आँखाहरूद्वारा यो आवश्यकताद्वारा कि हामी के हेर्न चाहन्छौं, म पहिले आफैलाई मूल्याङ्कन गर्न सक्षम हुन्छु, त्यसपछि विकासको सिंढीमा प्रत्येक खुडकिला उक्लिदै आफूलाई सुधार गर्दै अन्त्यमा उहाँले भन्नुभयो "म सित तपाईंहरू सबैको लागि दुईवटा सन्देशहरू छन् । एउटा हो समय नास नगर्नु होस् र अर्को हो" ति सबैलाई प्रेम गर्नुहोस् जसलाई उहाँ प्रेम गर्नु हुन्छ ।

त्यसपछि मालिक बाहिर घाममा आएर भन्नुभयो ओमेगा विद्यालयबाट ११/१२ कक्षाका उहाँसित भेटन् आएका विद्यार्थीहरूसित भेटघाट गर्नुभयो । मालिकले उनीहरूसित थुप्रै समय विताउनु भयो, उनीहरूसित कुराकानी गर्दै र यस आश्चर्यजनक दिनमा सबैलाई शुभकामना दिनुभयो ।

अक्टुबर, २०१३

चाईनिज सेमिनारको समाप्ति पछि, मालिक आफूलाई स्वयं अनुभव गरिर हनुभएको थिएन् र मानिसहरूसित भेट गर्न कठिनाई महसुस गरिर हनुभएको थियो । उहाँको खुट्टा सम्बन्धी समस्या रहि नै रहेको थियो र सुधारको कुनै चिन्ह देखिएको थिएन् । उहाँले हिडडुल गर्न पुरै छोडिदिनुभएको थियो र उहाँका दुवै कुकुच्चाहरू अझै सुनिएका थिए र चिकित्सकहरूले उहाँलाई दुवै खुट्टाहरू उचालि राख्न अनुरोध गरेका थिए ता कि निको हुन मद्दत पुगोस ।

अक्टुबर १२ को दिन विहानको खाजा आए पछि उहाँले तिरुमल्लरको जग्गाको विषयमा लामो छलफल गर्नुभयो र करिब पैतालिस मिनेट जति गोल्फकार्टमा आश्रमको वरिपरी घुम्नुभयो । चार जनाले मद्दत गर्दा समेत उहाँलाई गोल्फकार्टमा चढन कठिनाई भएको थियो ।

साँझको समयमा उहाँ आफ्नो सुत्ने कोठाको बाहिर बसिरहनुभएको थियो र यो उहाँको लागि घाममा बस्नको लागि राम्रो स्थान हो ।

अक्टुबर १३, आईतबारको दिन मालिक स्वस्थ महसुस गरिरहनुभएको थिएन् त्यसैले ब्रदर कमलेशले सत्सङ्ग संचालन गर्नुभयो र केही विवाह सम्पन्न गर्नुभयो । जस्तो कि दशैंको सप्तहान्त थियो त्यसैले केही मात्र अभ्यासीहरू आश्रममा थिए । गीताको विषयमा प्रश्न उत्तरको सत्र कटेजको हलमा संचालन भयो जसको संचालन ब्रदर चक्रपाणी र ब्रदर संस्कृत काननले गर्नुभएको थियो र उहाँले धेरै प्रश्नहरूको उत्तर दिनुभयो जसमा गीता र सहज मार्ग पद्धतिमा भएको समानताको बारेमा केन्द्रित भएको थियो । एउटा छलफलको मध्यमा मालिकले आफ्नो कोठाबाटै माईक समातेर आफ्नो दृष्टिकोण व्यक्त गर्न सुरु गर्नुभयो । जहाँबाट उहाँ छलफल सुनिरहनुभएको थियो र सबैजना उहाँको स्वर सुनेर अचम्मित भए । मालिकले भन्नुभयो "लक्ष्यमा पुग्ने एउटा मात्रै निश्चित मार्ग जुन म जान्दछु र जुन मैले पालना गरें त्यो सेवा गरेर हो ।"

सत्रको समाप्ति पछि जब त्यहाँ जम्मा भएका मानिसहरू छरिई सकेका थिए, मालिक कटेज हलमा आउँनुभयो र उक्त दिन विहान विवाहित भएका जोडि र अरु त्यहाँ रहेका केही अभ्यासीहरूसित भेट गर्नुभयो ।

अक्टुबर १६ को दिन उहाँले संचालन गर्न लागिएको प्रशिक्षकहरूको सेमिनारको बारेमा लामो कुरा गर्नुभयो । उहाँ "प्रशिक्षकहरूको काम मात्रै होईन" "प्रशिक्षकहरूको जीवनको" बारेमा कुरा गरिरहनु भएको थियो ।

चिनिया भाषाको शिक्षाः

एक दिन विहानको खाजा पछि मात्र मालिक अत्यन्त थकित हुनुहुन्थ्यो, ओछ्यानमा पल्टिरहनु भएको थियो तर निदाउँन सकिरहनु भएको थिएन् । दुई वटी सिस्टरहरूले उहाँको लागि चिनिया भाषाको शिक्षा परिचालन गरिरहेका थिए र कसैले पनि उहाँको यस प्रतिको उत्साह र स्फूर्त भएको देख्न सक्दथियो । त्यसपछि उहाँ कार्यालयमा आउँनुभयो । उहाँलाई यो विषयमा सोध्दा कि भाषा प्रति उहाँमा कसरी यति रुची उत्पन्न भयो, मालिकले भन्नुभयो "हेर्नुहोस्, म मानिसहरूलाई प्रेम गर्दछु । त्यसैले म तिनीहरूको बारेमा जान्न चाहन्छु, तिनीहरूको संस्कृतिको बारेमा जान्न चाहन्छु र तिनीहरूसित कुराकानी गर्न चाहन्छु, त्यसैले मैले भाषा सिक्नु पर्दछ ।"

एक दिन साँझमा अभ्यासीहरूका एउटा ठूलो समूह कटेज अगाडि जम्मा भएका थिए, ढिलो भइरहेको थियो र मालिक विश्राम गरिर हनुभएको थियो । उहाँको बाहिर आउने सम्भावना कम भइसकेको थियो । अचानकै ७ बजे साँझ मालिक बाहिर आउँनु भयो र सबैलाई भेट्नु भयो । उहाँले हिन्दी भाषामा बोल्नु हुँदै भन्नुभयो "म, यस कुरामा खुशी छु तपाईंहरू आश्रममा उपस्थित हुन यति टाढाबाट आउँनु भएको छ । धेरै अभ्यासीहरू मणपाक्कममा स्वयंसेवीको रूपमा काम गर्न आउँनुभएको छ । म यो सुझाव दिन्छु कि सर्व प्रथम अभ्यासीहरू आ-आफ्नो आश्रममा काम गरून र आफ्नो आश्रमलाई सफा सुग्घर राखुन् । त्यो तपाईंहरूको घर हो । कृपया यसलाई सफा राख्नुहोस् । आन्तरिक र वाह्य सफाई, दुवै उतिकै महत्वपूर्ण छन् । प्रेमको विषयमा कुरा गर्दै मालिकले एउटा उदाहरण दिनुभयो "कृष्णले द्वारिका छोड्ने दिन, राधाले कृष्णलाईउनको लागि मात्रै बाँसुरी बजाउन अनुरोध गरिन् र कृष्णले जवाफ दिए म सदैव तिम्रो लागि मात्रै बाँसुरी बजाउँदछु र अरु सबैले पनि यो सुन्दछन् ।"

निस आश्रम

अक्टुबर २०, आईतबार,

गीताको सत्र पछि मालिकले फ्रान्सको निसका अभ्यासीहरूसित भिडियो लिंकको माध्यमबाट अन्तरक्रिया गर्नुभयो । ब्रदर पाउल जोनले सेमिनारको बारेमा कुरा गर्नुभयो र यो कतिको प्रभावकारी भयो भनेर वर्णन गर्नु भयो, मालिकले भन्नुभयो "म देखिरहेको छु कि यि सेमिनारहरूले तपाईंहरूलाई अलि अलि अगाडि बढाईर हनुभएको छ ।" त्यसपछि उहाँले भन्नुभयो "अब तपाईंहरू सबैलाई अरुहरूलाई यस्तै गर्न मद्दत गर्नुपर्दछ । जस्तो कि म सदैव भनिरहे को छु हामीहरूले आफूस्वयंलाई मात्र मद्दत गर्दैनौं । यो विकासको

एउटा श्रृखला जस्तै हो ।" उहाँले यस प्रकारको विकासलाई "तार किय रुख" जस्तै हो भनेर उदाहरण दिनुभयो । यस्तो तारकिय रुखमा असंख्य पातहरू असंख्या हाँङ्गा विङ्गाहरू हुन्छन्, तथापि तिनीहरू एक्लै हुँदैनन् । तिनीहरू आपसमा भिन्न हुँदैनन् र तिनीहरू सबै एउटै रुखका भागहरू हुन्छन् ।" त्यसैले, हामीले यो बुझ्नु पर्दछ कि हामी त य ह ी कुरामात्र निर्माण गर्दछौं जस्तो हामीलाई बनाईएको छ । त्यसपछि उहाँले यसलाई पारस पत्थरसित तुलना यसो भनेर गर्नुभयो, मेरा मालिकले भन्नुभएको थियो पारस पत्थरले अरु कुरालाई मात्रै सुन बनाउँदछ । म केही एउटा यस्तो कुरा चाहन्छु जसले एउटा पारस पत्थरलाई अर्को पारस पत्थर बनाउँदछ । यस अर्थमा, मेरा मालिकले भन्नुभएको थियो "म शिष्य बनाउँदिन, म मालिकहरू बनाउँदछु ।" सबैजना मालिक बन्न सक्दैनन् तर सबै जना मालिक जस्तै बन्न सक्दछन् ।" अन्त्यमा उहाँले भन्नुभयो "म एक प्रकारले तपाईं सबैसित हुन पाउँदा खुशी छु, तर अर्को प्रकारले तपाईंहरू सबैसित नहुन पाएकोले धेरै खुशी छैन् ।" त्यसपछि मालिकले भन्नुभयो "म त्यहाँ छु । मलाई विश्वास गर्नुहोस्, म तपाईंहरू सबैसित मेरो हृदयमा छु ।"

आफ्नो स्वास्थको बारेमा कुरा गर्दै मालिकले भन्नुभयो यद्यपि उहाँ स्वस्थ महसुस गरिरहनु भएको छैन, र ढिला उठें तथापि विहानको खाजा खाएर व्हिल चेयरमा गुडें । मालिकले भन्नुभयो "त्यसैले अब तपाईंहरू मलाई त्यतिकै ताजा देखिरहनुभएको छ, जति तपाईंले सदैव पहिले देख्नुभएको थियो । यसरी, यदि म यो गर्न सक्दछु भने तपाईं पनि यो गर्न सक्नुहुन्छ । अब बढी अस्वस्थमा होईन, थकाईको बढी गुनासो होईन । तपाईं थकित हुनुहुन्छ, उठनु होस् । जब तपाईं डिप्रेसन महसुस गर्नुहुन्छ, तपाईंहरू डिप्रेसनबाट बाहिर निस्कनु होस् । यदि तपाईं त्यसैमा रहिरहनु हुन्छ भने यो खतरा हुन्छ । यस कुरामा विचार गर्नुहोस् ।"

चेन्नाईमा वर्षा

अक्टुबर २१ देखि २३ सम्म वेस्सरी पानी परिरहेको थियो र मालिक साँस लिन कठिनाई महसुस गरिरहनुभएको थियो । विहानको खाजा पछि उहाँ सुस्त हुनु भयो र अक्सिजनको सहायता लिनु पर्‍यो । तीनवटा मिटिङ्गहरू लहरै थिए र मालिकले सुझाव दिनुभयो । तीन वटै मिटिङ्ग उहाँसँगै गर्नु हुने छ तर तिनीहरू वेग्लावेग्लै समयमा आए । फ्रान्सिसी अभ्यासीहरू आए र तिनीहरूले मणपाक्कम र फ्रान्सका तीनवटा आश्रमको बीच चौतर्फि भिडियो कन्फ्रेन्सको प्रस्तवाको बारेमा कुरा गरे ता कि मालिकले तिनीहरूलाई सम्बोधन गर्न सक्नुहोस् ।

त्यसपछि मालिक बाहिर आउँनुभयो र चलिरहेको सहजकताहरूको प्रशिक्षणलाई सम्बोधन गर्नुभयो । उहाँले यस कुरामा जोड दिनु भयो कि नक्कली नम्रतालाई अपेक्षा गर्नुपर्दछ र विनम्रता, उदारता र सरलता जस्ता गुणहरू एउटा अभ्यासीको स्वाभाविक अङ्ग हुनुपर्दछ र एउटा अभ्यासीले सहज मार्गको सबै पक्षको अभ्यासमा केन्द्रित हुनुपर्दछ । सम्बोधन पछि मालिकले सिटिङ्ग दिने निर्णय गर्नुभयो जसमा प्रशिक्षकका सबै उमेदवारहरू पनि आए र उनीहरू मालिकको अगाडि बस्ने । सिटिङ्ग पछाडि उहाँलाई सांस लिन निकै कठिनाई महसुस भयो ।

प्रशिक्षक प्रशिक्षक कार्यशाला

प्रशिक्षक बन्ने उमेदवारहरूको एउटा समुह दुई हफ्ते "प्रशिक्षक प्रशिक्षण कार्यशाला" मा भागलिन आएका थिए । यो एउटा नायाँ पद्धति हो जसमा विभिन्न केन्द्रहरूबाट सिफारिस भएका प्रशिक्षकहरू एउटा कार्यशालामा सहभागी हुन्छन् र जसको अन्त्यमा तिनीहरूलाई प्रशिक्षक बनाईन्छ । दोस्रो हप्ताको अवधिमा बाईस जना उमेदवारहरू मालिकलाई भेट्न सक्षम भए । उहाँले यस कुरामा जोड दिनुभयो कि प्रशिक्षकहरूको लागि यो प्रतिवद्धता मात्रै होईन, यो एउटा अनुबन्धन पनि हो कि तिनीहरूले सहज मार्गको सिद्धान्तलाई पालना गर्नेछन् र यो कि प्रशिक्षकहरू पहिले अभ्यासी हुन् । उहाँले सोधनुभयो कि कति जनाले सांच्चीकै नियमित रूपमा अभ्यास गरिरहेका छन् । त्यसपछि उहाँले तिनीहरूलाई एक घण्टा लामो सिटिङ्ग दिनुभयो ।

अभ्यासीहरूको साथमा

आजभोली मालिक अक्सर आफ्नो सुत्नेकोठाको पछाडि घाममा बस्नु हुन्छ र विहानको खाजा खानु हुन्छ । मालिकले यो पनि

भन्नुभयो कि म अभ्यासीहरूलाई नियमित रूपमा भेट गर्न चाहन्छु । "जब म दिनभरी चिकित्सकहरू मात्रै मेरा वरिपरी रहने गरेर भनिन्छ म अत्यन्त एक्लोपना महसुस गर्दछु ।"

साँझमा सत्सङ्ग पछि मालिकले विदेशबाट आएका अभ्यासीहरूलाई बो लाउनु भयो र तिनीहरूलाई कटेजको बाहिर भेट्नुभयो र त्यसपछि एउटा सामान्य वार्तालाप सुरु भयो जुन करिब तीस मिनेटसम्म चल्यो । अचानकै मालिक पुरै चुप हुनु भयो । यो पूर्ण मौनको अवधि थियो, अभ्यासीहरू पनि पुरै मौन थिए र यस्तो देखियो कि प्रकृतिले पनि यसमा सहयोग गरेको छ किनभने त्यहाँ करिब १५-२० मिनेटसम्म मौनता छाएको थियो । त्यसपछि मालिकले फ्रान्समा मिशनको बारेमा कुरा गर्न सुरु गर्नुभयो ।

नोभेम्बर २०१३

कार्यकारिणी समितिको बैठक

दिपावलीको अघिल्लो दिन मालिकको कटेजमा कार्यकारिणी समितिको बैठक बसेको थियो । मिटिङ्ग भन्दा पहिले तिनीहरू मध्ये केहिले मालिकलाई उहाँको कार्यालयमा भेट गरे । ब्रदर ज्याकीले उहाँलाई एक जना ऋषिको बारेमा सोधे जसलाई सीता जङ्गल तिर गइरहेको दृश्य आएको थियो । उनले उनको भविष्यलाई परिवर्तन गर्न सक्दैन थिएँ । ताकि दुर्घटनालाई टार्न सकियोस ? मालिकले भन्नुभयो यदि यो रामकै योजना भएको भए मात्रै ऋषिले परिवर्तन गर्न सक्ने थिएँ । दोस्रो कुरा, हामीहरू सबै केहि संस्कार लिएर जन्मिएका हुन्छौं र हामी सांसारिक जीवनमा के हुन्छ त्यसलाई परिवर्तन गर्न सक्दैनौं । जब हामी विकासको कुरा गर्दछौं त्यो आध्यात्मिक विकासको कुरो बढी हुनु पर्दछ र भौतिक विकासको बारेमा हुनु हुँदैन्, त्यो जुनसुकै अवस्थामा स्वतः नै हुन्छ नै । मालिकले अगाडि भन्नुभयो "रामलाई अवतारको भाग भनेर भनिन्छ किनभने उहाँ आफ्नो ईश्वरियताको बारेमा सजग हुनुहुन्न थियो । भगवान कृष्णलाई आफ्नो ईश्वरीयताको बारेमा ज्ञान थियो । त्यसैकारणले यो हाम्रो सचेतनताको विकास हो र हाम्रो प्रार्थना हाम्रो सचेतनताको विकासको लागि हुनु पर्दछ ।"

ब्रदर कमलेशले कार्यकारिणी समितिको बैठक दुई घण्टा संचालन गर्नुभयो । अत्यन्तमा उहाँले मालिकको आदेश पढेर सुनाउनु भयो कि प्रत्येक वर्ष एक तिहाई सदस्यहरू सेवा निवृत्त हुनु पर्दछ र त्यसको स्थानमा नयाँ सदस्यहरूलाई प्रवेश गराइनु पर्दछ । त्यसको लगतै मालिक आफ्नो व्हिलचेयरमा आउँनुभयो र केही टिप्पणीहरू दिनुभयो । त्यसपछि उहाँ खाना खान जानु भयो ।

दिपावली उत्सः नवेम्बर २-३, २०१३

करिब ५००० व्यक्तिहरूको ठूलो संख्या दुई दिनको सत्सङ्गको अवसर मा उपस्थित रहेको थियो यसको लागि आयोजकहरूले योजना बनाएका थिए तथा यस भेलालाई व्यवस्थापन गर्न तयार थिए । शनिवारको दिन अभ्यासीहरूको ठूलो संख्यालाई आफ्नो कोठामा भेट गर्नुभयो उहाँ अत्यन्त उत्साहको भावमा हुनुहुन्थ्यो र उहाँले सबैलाइ अभिवादन गर्नुभयो । दुवै दिनहरूमा मालिकले सत्सङ्ग संचालन गर्नुभयो र ब्रदर कमलेश भर्खरै प्राप्त भएका व्हिस्पर्स मेसेजहरू पढेर सुनाउनु भयो ।

नोभेम्बर ५ को दिन मालिकले भडाकगुंलम (तामिलनाडुको दक्षिणी कुनामा रहेको) बाट आएका केही अभ्यासीहरूलाई भेट्नुभयो जो त्यहाँ निमार्ण गरिएको आश्रमको कागत पत्रहरू हस्तान्तरण गर्न आएका थिएँ र त्यो मिशनलाई समर्पण गर्न लगिएको थियो ।

८ तारिखको दिन मालिकले ब्रदर कमलेशसित आचरण र नैतिकताको बारेमा छलफल गर्नुभयो । उहाँ मिशनको विरुद्धका विभिन्न मुद्धाहरूको बारेमा चिन्तित हुनुहुन्थ्यो र उहाँ यो हेर्ने जिम्मेवारी उत्तराधिकारीलाइ छोडन चाहनु हुन्न थियो ।

ओमेगामा बालिबालिकासँग

नवेम्बर ९, शनिवारका दिन मालिकले ओमेगाका विद्यार्थीहरूसित भेट गर्नुभयो जसले एउटा फुटबल म्याच जितेका थिए र अर्को चरणको राष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिन गइरहेका थिए । उहाँले सबैलाई बधाई दिनुभयो र सबैलाई शुभकामना दिनुभयो । उहाँले वालवालिकालाई भन्नुभयो "तिमीहरू सबैले खेलकुदहरू खेलको भावनाको लागि मात्रै खेल्नु पर्दछ । जित्नु मात्रै एउटा आधार होईन । जब दुई जनाले खेल्दछन् एउटाले कुनै पनि रूपमा हार्नु नै पर्दछ तर खेल भावना सबै भन्दा महत्वपूर्ण कुरा हुनुपर्दछ ।

फ्रान्सिसी सेमिनार

नोभेम्बर १०, आईतबार मालिकले फ्रान्सका तीनवटा आश्रमहरू नीस, मोन्टेपेलिएर र पेरिस एकै साथ हेर्न समर्थ हुनुभयो । उहाँ प्रभावित

हुनुभयो तर भन्नुभयो आशा छ भविष्यमा यस्तो दिन आउँनेछ जब उहाँ अझ बढी आश्रमहरू एकै साथ हेरेर एक साथै सम्बोधन गन सक्षम हुनुहुनेछ । एउटा छोटो भाषण र सत्सङ्ग पछि सत्रको समाप्ति भयो । साँझमा कार्यक्रम अडिटोरियम क्लबमा जारी रहयो जहाँ ब्रदर कमलेशले तीनवटै फ्रान्सिसी केन्द्रका अभ्यासीहरूलाई सम्बोधन गर्नुभयो । यो प्रश्न उत्तरको सत्र थियो र ब्रदर कमलेशले गहकिला प्रश्नहरूलाई सम्बोधन गर्नुभयो ।

ब्रदर माधवको घरमा

मालिक ११ देखि १८ नवेम्बरसम्म ब्रदर माधवको घरमा निवास गर्नुभयो जुन आश्रमको ठीक पछाडि गरेको छ । यो मालिकको लागि परिवर्तनको कुरो थियो र उहाँ अत्यन्त खुशी हुनुहुन्थ्यो । ११ तारिखको साँझमा मालिकको लागि एउटा विशेष कार्यक्रम संचालन गरिएको थियो र रशियन फेडेरेसनका काउन्सुलर जेनेरल श्री निकालायलाई पनि आमन्त्रण गरिएको थियो र मालिकले यस कुरामा विशेष ध्यान दिनुभयो कि उहाँलाई राम्रोसित स्वागत गरियोस । रूसबाट आएका एक जना कलाकारले "रशियन सिङ्गिग बेल" प्रस्तुत गर्नुभयो जुन विभिन्न प्रकारका घण्टीहरू तथा ठूला आकारका काँसका प्लेटहरूबाट सङ्गीत निकालेर प्रस्तुत गरिएको थियो ।

ब्रदर माधवको घरमा बस्दा विहान मालिक आफ्नो काम गर्नुहुन्थ्यो जसको पश्चात उहाँ त्यहाँ भएका केही व्यक्तिहरूलाई सिटिङ्ग प्रदान गर्नुहुन्थयो जो अरु केन्द्रहरूबाट आएका थिएँ । उहाँ तिनीहरूसित छोटो समयको लागि भेट गर्नुहुन्थ्यो र फिजियोथेरापिष्ट सितको सत्रको लाई सयन कक्षमा जानुहुन्थ्यो । मालिकलाई अत्यन्त आवश्यक भएको आराम प्राप्त भयो र अभ्यास त्यसै समयमा अभ्यासीहरूसित पनि भेटघाट गर्नुभयो । उहाँ १८ तारिखको दिन आश्रममा फर्किनु भयो ।

नियमिति दिन चर्यामा संलग्नता

नोभेम्बर ३०, २०१३, शनिवार विहानको दिन मालिक पूर्णरूपमा नै आफ्नो काम तथा छलफलहरूमा संलग्न हुनुभयो । उहाँले यस कुराको आवश्यकतामा जोड दिनुभयो कि प्रकाशनहरू एउटा नियमित समयमा प्रकाशित होउन ता कि अभ्यासीहरूलाई एकै समयमा धेरै किताबहरू किन्न नपरोस ।

त्यसपछि कुराकानीको विषय आउँने वर्षको उत्सवको विषयतफ छलफल गयो र पूज्य लालाजी र पूज्य बाबुजीको जन्म उत्सव तिरुप्पुर मा र मालिकको जन्मदिनको उत्सव तिरुवल्लुरमा नयाँ किनिएको जग्गामा गर्ने निर्णय भयो ।

यात्राको चाहना

यो स्पष्ट देखिन्थ्यो कि मालिक पूनः यात्रा गर्न इच्छुक हुनुहुन्छ । ब्रदर कमलेश र अरुहरूसितको भेटघाटमा यात्राको यो चाहना देखा पर्ने गद छ । उहाँले ब्रदर कमलेशलाई भन्नुभयो "म जब ठीक हुन्छु तिमी र म भडाकगुलय जानु नै पर्दछ, म अहिले ठीक छु तर अहिले मलाई लठ्ठीको सहाराले र कसैको हात समातेर एक दुई कदम हिड्न सक्ने रूपमा योग्य हुनुपर्दछ जस्तो कि म अस्वस्थ हुनु

भन्दा पहिले थिएँ ।" उहाँले यात्राको विभिन्न साधनहरूको बारेमा विचार गर्नुभयो र सडकको बाटो जाने विकल्प रोज्नु भयो र रूटको बारेमा निर्णय गर्नुभयो । अर्को एउटा अवसरमा उहाँले यात्रा गर्ने विषयमा कुरा गर्नुभयो । उहाँ उहाँसित जाने मानिसहरूको लिस्ट पनि बनाउनु भयो । उहाँले भन्नुभयो उहाँ घोषणा नगरिकन जान चाहनुहुन्छ अन्यथा भिड व्यवस्थापन नै नगर्न सकिने हुन्छ ।

कामको प्रति प्रेम

यही नै भावनाले उहाँलाई आफैमाथि अविराम रूपमा थुप्रै काम गर्न उत्साह प्रदान गर्दछ । जब उहाँलाई यो प्रश्न गरियो कि किन उहाँ कुनै पदाधिकारी नियुक्त नगरि SMSF को काम आफै गरिरहनुभएको छ, उहाँले भन्नुभयो "म सबै कुरा गर्न सक्दछु । "उहाँले थप भन्नुभयो" म यस कारणले बाँचिरहेको छु कि म काम गरिरहेको छु । काम नगरेको भए म पाँच वर्ष अगाडि नै मरिसकेको हुने थिएँ ।

मालिकको भर्खरको योजना - तिरुभल्लुर

मालिकले ब्रदर पि.आ.कृष्णलाई तिरुभल्लुरको जग्गा (११३ एकड) हेर्ने र जुलाई २०१४ मा उहाँ जन्म दिवसको उत्सव व्यवस्थापन गन नियुक्त गर्नुभयो । मालिकले SMSF को पूर्वाधारको विकासको गतिविधि अवलोकन गर्नुको साथ साथै पानी उपलब्ध भएको उब्जाउ जमीनमा खेतीपातीको काम हेरिरहनुभएको छ ।

सहज सन्देश नं. २०१३.५४
बुधबार, १८ डिसेम्बर २०१३

प्रिय भाई तथा बहिनीहरू,

यस वर्षको (२०१४) लागि तीनवटा मुख्य उत्सवहरूको योजना गरिएको छ । जसले लालाजीको जन्म उत्सव २ फेब्रुअरी (चार दिन १, २, ३ र ४ फेब्रुअरी) बाबुजी महाराजको जन्म उत्सव २९, ३० अप्रिल र १ मे. यी दुवै डि.जे.पार्क, तिरुप्पुरमा आयोजना हुने छ । वर्तमान अध्यक्षको जन्म दिवस चेन्नाई नजिक तिरुभल्लुरमा २३, २४ र २५ जुलाईमा आयोजना हुनेछ । पछाडि उल्लेख गरि एका उत्सव हालै प्राप्त गरिएको तिरुभल्लुर जग्गामा गरिनेछ जसलाई अहिले परिणत गरिदैछ ।

म यो सुझाव दिन चाहन्छु कि अहिलेको महङ्गीको अवस्थामा अभ्यासीहरूले कुनै एउटा उत्सवको चयन गरून यथासम्भव छिटो आफ्नो नाम दर्ता गराउन ता कि हामीलाइ कतिजना अभ्यासीहरू आउँछन् त्यसै अनुसार योजना गर्न सकियोस ।

त्यसैले अभ्यासीहरूलाई आफ्नो परिवार सहित आउँन अनुमति प्राप्त हुन्छ अन्यथा तीनवटै उत्सवमा भाग लिने अभ्यासीहरू लाई कृपया यस अनुरोधलाई गम्भिरतापूर्वक विचार गर्नुहोस् र कुनै एउटा उत्सवमा यथाशिघ्र नाम दर्ता गराई हाल्नुहोस् ।

यी कुनै पनि उत्सवहरूमा भाग लिन समर्थ नभएका अभ्यासीहरूले आफ्नै केन्द्रहरूमा जहाँ भएपनि भाग लिन सक्दछन् । यस्तो अवस्थामा यी कार्यक्रमहरू एक दिन मात्रै संचालन हुनेछ जस्तो २ फेब्रुअरी, ३० अप्रिल र २४ जुलाई । सदाको यस्तै सम्भवत अभ्यासीहरूलाई नजिकैको आश्रममा जान अनुरोध गरिन्छ । अन्यथा आजको कठिन आर्थिक अवस्थामा आफ्नै घरमा बस्न पनि सम्भव छ ।

सबैलाई आर्शिवाद छ,

पि.राजगोपालाचारी

नेपाल समाचार

नेपाल भ्रमण-८ नोभेम्बर देखि १६ नोभेम्बर २०१३

हामी मालिकको आर्शिवाद र अनुमति पश्चात ८ नोभेम्बर २०१३ ब्रदर भुपेन्द्र चुफाल, सिष्टर वन्दना उहाँका दुई छोरीहरु गरिमा र जानकी सहित हल्द्वानीबाट यात्रा प्रारम्भ गरेर साँझ ६:३० बजे महेन्द्रनगर आइपुग्यौं । हाम्रो वसाईको अत्यन्त प्रेमपूर्वक वन्दोवस्त गरिएको थियो ।

९ नोभेम्बर २०१३, महेन्द्रनगर

महेन्द्रनगर सेन्टरको ध्यान कक्षको उद्घाटन ब्रदर भूपेन्द्र सिंह चुफालले स्थानिय समय अनुसार विहान ९ बजे गर्नुभयो । त्यस अवसरमा भारतका सेन्टरहरु खटिमा, आलमोरा, गुहाटी, हल्द्वानी भारत र महेन्द्रनगर नेपालको गरि जम्मा ४३ जना अभ्यासीहरु जम्मा भएका थियौं ।

विहान ९ बजेको सत्संग ब्रदर भुपेन्द्रले संचालन गर्नु भयो जस पश्चात व्हिस्पर्स र पुस्तक पढियो । विहानको चिया पछि साधनाको मूल तत्वको वारेमा अर्न्तकृयाको सत्र ब्रदर भुपेन्द्रले संचालन गर्नु भयो । उहाँले साधनाको चारवटै पक्ष क्रमशः ध्यान सफाई, ९ बजेको सार्वभौमिक प्रार्थना र रात्री प्रार्थनाका साथै सामूहिक सत्संग र व्यक्तिगत सिटिङ्गको बास्तविक अभिप्राय छर्लङ्ग पार्नुभयो । उहाँले सरल तरिकाबाट अभ्यासीहरुको अभ्यास प्रतिको शंकाहरुको निवारण गर्नु भयो ।

दिउँसोको भोजन पश्चात सांस्कृतिक कार्यक्रम शुरु भयो । खासगरी नेपाली पहाडी र मधेसी भावका गीत संगीतहरु प्रस्तुत गरिए र एक जना वहिनीको भजनले सबैलाई मन्त्रमुग्ध पार्‍यो । साँझ ३:३० बजे सत्संग भयो र त्यस पश्चात चियापानको कार्यक्रम रह्यो । पूज्य गुरुदेवको दिव्य उपस्थितिको वातावरणलाई सजिलै अभ्यासीहरु महशुस गर्न सकेका थिए । ध्यान कक्ष महेन्द्रनगर बजार क्षेत्रमा रहेको आधुनिक भवनको तेश्रो तल्लामा अवस्थित छ । करिव १०० जना अभ्यासीहरु अटाउने क्षमता भएको यस ध्यान कक्षको क्षे त्रफल १००० वर्ग फिट रहेको छ । कौसीमा अभ्यासीहरु बसेर खाना खान मिल्नुका साथै सानो भान्छाकोठाको पनि व्यवस्था छ । महेन्द्रनगर सेन्टरको लागि अस्थाई रुपमा ध्यान कक्ष र भान्छा कोठा आदिको प्रवन्ध ब्रदर दानी चन्द र सिष्टर कमला चन्दको हार्दिक सहयोगबाट संभव भएको हो । महेन्द्रनगर सेन्टरका प्रशिक्षक तथा सेन्टर ईन्चार्ज ब्रदर दिवान चन्दले उक्त समाहरोहको राम्रो प्रवन्ध गर्नुका साथै सेन्टर विकासमा सक्रिय योगदान दिइरहनु भएको छ ।

१० नोभेम्बर २०१३, नेपालगंज सेन्टर भ्रमण

विहान ८:३० बजे महेन्द्रनगरबाट गाडिमा प्रस्थान गर्‍यौं र दिउँसो १ बजे नेपालगंज सेन्टर पुग्यौं । साँझ ५ बजे सत्संग भयो जसमा १८ जना अभ्यासीहरु उपस्थित थियौं ।

नेपालगंजमा जम्मा १०० अभ्यासीहरु छन् र करिव ३५-४० अभ्यासीहरु नियमित छन् । नेपालगंजमा जम्मा तीनवटा सत्संगहरु भयो र प्रमूख जिल्ला अधिकारी श्री जीवन वलीज्यूका साथै थप के ही संम्भावित अभ्यासीहरुले सहज मार्ग ध्यान बारे चासो राखेका कारण आवश्यक जानकारी दिइयो । नेपालगंजमा अझ व्यवस्थित तथा शान्त ध्यान कक्षको खाँचो रहेको छ । हामी साँझ ४:२५ को विमानबाट काठमाण्डौं तर्फ लाग्यौं ।

१२ नोभेम्बर २०१३ काठमाण्डौं सेन्टर भ्रमण

विहान ७:३० बजे सिनामंगल सेन्टरमा ब्रदर भुपेन्द्रले सत्संग संचालन गर्नु भयो । जसमा वन्दको वावजुद ३७ अभ्यासीहरु उपस्थित थिए । सत्संग पश्चात व्हिस्पर्स र नेपाली पुस्तक पढियो र त्यस पश्चात मालिकको वार्ताको सि.डि. लगाइयो । चियापान पश्चात ब्रदर भुपेन्द्रले अभ्यासीहरुसंग अर्न्तकृया गर्नुभयो जसमा अभ्यासीहरुले खुलेर भाग लिए । अभ्यासीहरुको अभ्यास प्रतिको चासो सहितको प्रश्नबाट अभ्यासीहरुको साधना गहिरिदै गएको हामीलाई भानभयो । दिउँसोको खाना पश्चात पनि सोहि अर्न्तकृयाको कार्यक्रम यथावत चल्यो जस पछि चिया र त्यस पछि साँझको सत्संग सिष्टर वन्दना चुफालले संचालन गर्नुभयो ।

त्यसै दिन मालिकको पूर्व अनुमतिबाट श्री राम चन्द्र मिशन नेपालको संचालकहरुको बैठक र बार्षिक साधारण सभा ब्रदर भुपेन्द्रको अध्यक्षतामा समपन्न भयो ।

१३ र १४ नोभेम्बर २०१३

१३ नोभेम्बर बुधबार साँझको सत्संगमा १८ जना अभ्यासीहरु सहभागी थिए ।

१४ नोभेम्बर २०१३ मा हामी नगरकोट दृष्यावलोकनको लागि गयौं । हामीले माउण्ट एभरेष्ट सहित पुरै हिम श्रृखलाको अवलोकन गर्‍यौं जुन मनमोहक थियो । साँझ ब्रदर चिरन्तनको घरमा ४:५० मा सत्संग ब्रदर भुपेन्द्रले संचालन गर्नु भयो । ध्यान पछिको वातावरण विशेष खालको थियो र हामीलाई प्रेमपूर्वक खाना खुवाइयो ।

१५ नोभेम्बर २०१३

बसुन्धारा स्थित कान्तिपुर डेन्टल कलेजमा विहान ९ बजे त्यहाँका फ्याक्ल्टी मेम्बर तथा स्टाफहरुको लागि ओपन हाउसको कार्यक्रम त्यहाँका भाइस प्रिन्सिपल डा.रबीन्द्र श्रेष्ठज्यूले समन्वय गर्नुभएको थियो । करिव ३० जना इच्छुकहरुको उपस्थितिमा ब्रदर भुपेन्द्रले ध्यानको आवश्यकता, जीवनमा ध्यानको समायोजन, संतुलित जीवन र इश्वरको खोज आदि बारे बोल्नु भयो । साथै सहज मार्ग ध्यान यसको विशेषता र जीवित गुरुको आवश्यकता बारे पनि प्रकाश पार्नु भयो । करिव ९० मिनेटको कार्यक्रमको अन्तमा प्रश्न उत्तरको छोटो सत्र समेत समावेश भयो ।

सोहि दिन ब्रदर दानीको घरमा व्यक्तिगत सिटिङ्गको कार्यक्रम राखिएको थियो । दिन भरि सबै प्रशिक्षकहरु मिलेर २९ व्यक्तिगत सेटिङ्ग दिए ।

सोहि दिन साँझ सिष्टर सुलोचनाको घर जहाँ नियमित बुधवार को साप्ताहिक सत्संग हुन्छ त्यहाँ साँझको सत्सगं तथा प्रशिक्षक बैठक राखियो । साँझको सत्सगं एकदम गहिरो खालको थियो । त्यस पश्चात प्रशिक्षक मिटिङ्ग गरियो । रात्री भोजन सानदार थियो ।

१६ नोभेम्बर २०१३

शनिवार विहान ७:३० बजेको सत्संग ब्रदर भुपेन्द्रले संचालन गर्नुभयो । त्यस दिन महिनाको पहिलो शनिवार भएकोले फुल डे प्रो ग्राम आयोजना गरिएको थियो । ध्यान पश्चात फेरि ब्रदर भुपेन्द्रले अभ्यासीहरुसंग छोटो अर्न्तकृया गर्नुभयो । सोहि दिन दिउँसो २ बजे को दिल्लीकोको नियमित उडानबाट ब्रदर भुपेन्द्र सपरिवार दिल्ली प्रस्थान गर्नुभयो । समग्रमा चुनावले तातेको वातावरण र बन्दको बीच नेपालमा मालिकको आध्यात्मिक कार्य निर्वाध र सुचारु रह्यो । जसले समग्र नेपालीको उज्वल आध्यात्मिक विकासको प्रत्याभूति प्रदान गरेको छ ।

प्रशिक्षक अनुभवलाई गहिराउनु- सतखोल आश्रम

प्रशिक्षकको अनुभवलाई अझ गहिरो बनाउने Deepening Prefects Experience सम्बन्धि २४ डिसेम्बर देखि २८ डिसेम्बर २०१३ सम्मको कार्यक्रममा नेपालबाट प्रशिक्षकहरुको मनोनयन भएकोले २२ डिसेम्बरमा काठमाण्डौंबाट तीन जना प्रशिक्षक ब्रदर निरञ्जन, सिष्टर सुलोचना र म महेन्द्रनगर प्रस्थान गर्‍यौं ।



हामी २३ डिसेम्बरमा साँझ काठगोदाम हुदै सतखोल पुग्यौं । २४ डिसेम्बरमा विहान ९ बजेको सत्संग, ब्रदर भुपेन्द्रले संचालन गर्नु भयो त्यस पश्चात १० बजे औपचारीक रुपमा कार्यक्रमको शुरुवात भयो । ब्रदर भुपेन्द्रले जम्मा भएका सबै प्रशिक्षकहरुलाई पूज्य गूरुदेव आफ्नो बाबूजी महाराजसगं अनुमति लिएर एक पटक सतखोल आउन चाहानु हुन्छ, त्यसैले हामी सबै मिलेर आफ्नो यहाँको बसाईमा यस्तो वातावरण वनाऔं ता कि गूरुदेवको आगमन संभव होस भन्नुभयो र साथै यस्तो किसीमको कार्यक्रम सतखोलमा पहिलो र अन्तिम हो भन्नु भयो । त्यस पछि गूरुदेवले वार्ताको सि.डि लगाइयो ।

पहिलो दिन वेलकम इन्टरभ्यूबाट कार्यक्रम शुरुभयो जसमा प्रत्येक सहभागीले आफ्नो एउटा जोडि छान्नु पर्दथियो र आफूलाई दिइएको प्रश्न पत्र अनुसार अर्न्तवार्ता लिनु पर्दथियो । पालै पिलो एक आर्कासंग अर्न्तवार्ता लइयो। अर्न्तवार्तामा आफ्नो बारेमा भन्ने र प्रशिक्षको कार्यमा कुन चिजले आनन्द दिन्छ, विहान मालिकको देखाइएको वार्ताको कुनु कुरा तपाई अझै सम्झिरहनु भएको छ आदि ।

लालाजी महाराजले वार्तालाप बारे "Principles of Conversation "सहज शिशुमा प्रकाशित लेख र वावूजी महाराजले रामचन्द्रको सम्पूर्ण कृतिहरु भाग -३ बाट उद्धरणहरु पढेर सुनाईयो । त्यस पश्चात दिउँसो खाना अधि र पछि प्रशिक्षकहरुलाई चार समूहमा विभाजन गरि हृदय छुने र आफ्नो अभ्यासको जग बलियो बनाउने विषयमा छलफल तथा आत्म निरिक्षण गरियो ।

२५ डिसेम्बर २०१३

विहान आफ्नो नित्य ध्यान पछि आफ्नो जोडि प्रशिक्षकसंग व्यक्तिगत सिटिङ्ग आदान प्रदान पश्चात ९ बजेको सामूहिक सत्संगमा सामेल भयौं ।

ध्यान बारे गोला प्रथाको खेल खेलेर ध्यान बारे अझ गहिरो जानकारी पाउन कोशिसहरु गऱ्यौ । विस्तारै प्रत्येक व्यक्तिको एक आपस प्रति आदर, भाईचारा र विश्वास वढेको अनुभव भइरहेको थियो । सबैको हृदय खुल्दै गइरहेको अनुभव भईरहेको थियो ।

हामीलाई कोदोको रोटी, भटमासको दाल, फर्सिको तरकारी, जडिवुटिको चिया खान पाउदा साह्रै रमाइलो अनुभव भइरहेको थियो । ५६०० फिटमा अवस्थित सतखोल आश्रमको चिसो पनि भिन्नै र मज्जा लाग्ने खालको थियो ।

सफाई बारे पनि खेल खेल्दै, विचार विमर्श गदै र आत्म निरिक्षण गर्दै सिक्ने क्रम जारी थियो । भित्र लुकेर रहेको ज्ञानको ढोका खोल्न सहजकर्ताले सहयोग पुऱ्याउदै हुनुहुन्थ्यो । त्यसै गरि प्रार्थना बारे पनि खेल खल्दै विचार विमर्श र आत्म निरिक्षण गदै अघि वढ्यौं ।

प्रत्येक दिन हृदय हलुगों हुदै गइरेहको र ध्यान गहिरिदै गइरहेको थियो र हरेक कृयाकलापमा मालिकको दिव्य उपस्थितिको अनुभव भईरहेको थियो ।

२६ डिसेम्बर २०१३

विहानको ध्यान पश्चात मालिकद्वारा प्रशिक्षकलाई त्रिचिमा दिनु भएको वार्ता सुन्यौं जुन डि.भि.डि को माध्यमबाट थियो । सो मालिको वार्ता साह्रै गहन र आध्यात्मिक ऊर्जाको आवेशित थियो । सो वार्ता सुने पछि आँखा चिम्लिदा विस्तारै हृदयमा ग्रहण भईरहेको प्रष्ट अनुभव मलाई भइरहेको थियो ।

दिन भरि प्रशिक्षकको भूमिका र प्रशिक्षकको रुपमा सहि ढंगले कसरी कार्य गर्ने बारेको कार्याशाला खाना अधि र पछि पनि चलिरह्यो । हामीलाई प्रशिक्षकको भूमिकामा आफूले कुन पक्षलाई अझ सुदृढ गर्नु पर्छ सो बारे आफैले आत्म निरिक्षण गरेर भन्नु पर्ने थियो । ब्रदर निरञ्जन र सिष्टर सुलोचनाले डायरी लेखन र मैले सहि समयमा अभ्यासीको मालिकसंग सम्बन्ध सुगम वनाउनुमा जोड दिन आवश्यक भएको ठहर गऱ्यौं । सो बारे आफ्नो प्रतिवद्धता मालिकलाई जाहेर गर्दै त्यसलाई प्रार्थनाको रुप दिनुपर्ने थियो । एकपाना, आधा पाना हुँदै एक प्याराग्राफ र अन्तमा धेरै मन्थन पश्चात एक वाक्यमा "May I be prefect conduit to connect you & abhyasi" मा टुङ्गियो ।

२७ डिसेम्बर २०१३

एवं रितले कार्यक्रम अधि वढिरहेको थियो । मालिकको भूमिका बारे चर्चा भयो र मालिक कुन स्तरबाट हाम्रो स्तर मानौं अमिवाको स्तरसम्म तल ओर्लेर हाम्रो विकासको स्तर आफ्नो स्तर सम्म पुऱ्याउनु हुन्छ भन्ने कुरामा मनन गऱ्यौ । खाना पछि मालिकलाई पत्र लेख्न सुझाइयो र सो को लागि कुनै समय सिमा थिएन । जुन मालिकलाई इमेल गरेर समेत पठाउन सकिने बारे भनियो । सबैजना मिलेर प्रशिक्षण हलमा बसेर लेख्यौं र पत्र लेख्दा मै ले मेरो आफ्नो मालिकसगंको सम्बन्धको विकास गहिरिदै गएको र मानसपटलमा मालिकसगं पहिलो भेट देखि हालसम्म एक एक पल चलचित्र रिवाइन्ड गरेर हेरे जस्तै भयो र मालिकसगंको सम्बन्ध झन् घनिभूत हुनगयो ।

२८ डिसेम्बर २०१३

विहानको ध्यान पछि करिव २ घण्टाको कार्यक्रममा मालिकले मणपाक्कममा प्रशिक्षकलाई दिनु भएको वार्ता सुनियो सो अत्यन्त गहन र मननशिल थियो । दश नियमको प्रत्येक नियम आफैमा एक दशा भएको जानकारी पाइयो । त्यस पश्चात दिउँसोको खाना पछि कार्यक्रम समाप्त भयो र मालिक प्रतिको आफ्नो प्रतिवद्धता र अनुवंधनमा दृढ हुदै आ-आफ्नो हृदयमा पूज्य मालिकको उपस्थितिलाई अझ घनिभूत भएको अनुभव सहित आआफ्नो गन्तव्य

२९ डिसेम्बर २०१३

२९ डिसेम्बर विहान ७:३० को सत्सगं ब्रदर निरञ्जनले संचालन गर्नुभयो । त्यस पछि सबै प्रशिक्षक मिलेर पालै पालो ध्यान, सफाई, प्रार्थना आदि बारे अभ्यासीहरुलाई थप जानकारी गरायौं । पूर्व योजना अनुसार जिल्ला विकास कार्यालयमा त्यँहाका कर्मचारीहका लागि सहज मार्ग ध्यान सम्बन्धि जानकारी गराउन जिल्ला विकास पुग्यौं र उपस्थित कर्मचारीहरुलाई ध्यानको आवश्यक्ता, सन्तुलित जीवन, व्यस्त कर्मचारी जीवनमा ध्यानलाई अपनाउने सुझावका साथै आफ्नो अनुभवहरु सुनायौं । ईच्छुकहरु लाई स्थानिय प्रशिक्षक ब्रदर दिवानसगं सम्पर्क गर्न सुझाव सहित महाकाली–सेती यातायातको बस चढेर सबैजना काठमाण्डौं लाग्यौं ।

नयाँ प्रकाशनहरु







DVDs

HeartSpeak 2011—Volume 2 (English)

The Need of the Time - (English)

पुस्तकहरु

Principles of Sahaj Marg
Vol 13



Love and Death
Telugu



Fruit of the Tree
Hindi

Abhyasi Diary
Hindi

The Spider's Web
Vol 1

योगाश्रम, सिलिगुडी, पश्चिम बंगाल

प्रकाशको केन्द्र

यो कुरा राख्नुहोस् कि प्रकृतिको सबै साधन श्रोतहरू, चाहे त्यो स्वास्थ होस, चाहे त्यो सम्पति होस्, चाहे प्रसिद्धि होस्, चाहे समृद्धि होस्,, सबै कुराहरू पूर्न प्राप्ती गर्न सकिन्छ तर समय होईन/समय पूर्न प्राप्ती गर्न सकिदैन ।

पार्थसारथी राज गोपालाचारी, ११ जुलाई २०१०, सिलिगुडी

सिलिगुडी एउटा सानो सहर हो जुन पश्चिम बंगालको उत्तरी भागमा हिमालयको काखमा बसेको छ । यसको भौगोलिक स्थितिको कारणले यो उत्तर पूर्वको लागि मुल ढोका हो र यसको सीमा नेपाल, बंगला देश र भुटानसित जोडिएको छ । यो आश्रमको क्षेत्रफल ४.८३ एकड रहेको छ र यो छोबाभिटा नाम गरेको गाउँमा अवस्थित छ जुन मुख्या सहरबाट करिब १२ कि.मी. पर रेल्वे स्टेशनबाट ८ कि.मी. र एयरपोर्टबाट करिब २५ कि.मी. पर रहेको छ । यस आश्रमको अत्यन्त सौन्दर्ययुक्त छ किनभने कसैले पनि यहाँबाट कंचनजंघा हिमालयको श्रृंखला देख्न सक्दछ ।

मालिकले आश्रमको लागि जग्गा २ नवम्बर २००९ मा दर्ता गराउनु भयो जब उहाँ गांटोक तिर गइरहनुभएको थियो । त्यहाँबाट फर्किनु हुंदा उहाँले आश्रम निर्माणको कार्य सुरु गर्ने निर्देशन दिनु भयो । आश्रम आठ महिनाको अवधिमा निर्माण भयो । यसमा मालिकको कटेज, एउटा करिब ३००० स्कवा.फि. को ध्यान हल, करिब ३०० अभ्यासी अटाउन सक्ने आवास र सौचालय ब्लक, भन्सार र खाना खाने हल जस्मा करिब २५० जनाले एकै पटक खाना खान सक्दछन । सडक बनाइएको छ । वृक्षारोपण गरिएको छ ।

मालिकले आश्रमको उदघाटन ११ जुलाई २०१० मा करिब ६०० अभ्यासीहरूको उपस्थितिमा गर्नुभयो तथा उत्तर पूर्वको सबै भाग तथा नेपालबाट अभ्यासीहरू आएका थिएँ । सत्सङ्ग पश्चात मालिकले एउटा सम्बोधन दिनु भयो । उहाँले आश्रमको उपयोग गर्ने र त्यस क्षेत्रमा मिशनको प्रगति गर्नु पर्ने कुरामा जोड दिनुभयो । उहाँले यो सुझाव दिनुभयो कि प्रत्येक वर्ष कम्ति दुई वा तीन क्षेत्रीय भेलाहरू त्यहाँ होउन, विशेष गरेर पहाडी क्षेत्रका अभ्यासीहरूको लागि । ती भेलाहरूमा लाग्ने बस्ने र खानाको खर्च सहज मार्ग स्प्रिन्च्युयालिटी फाउण्डेसनद्वारा गरिने छ । यस आश्रमको उद्घाटन पछि, मालिकहरूको जन्म दिवस प्रत्येक वर्ष मनाइने गरेको छ । जसमा सिलिगुडी र नजिकैका केन्द्रहरूबाट भाग लिने गरेकाछन् ।

To download or subscribe to this newsletter, please visit http://www.sahajmarg.org/newsletter/india For feedback, suggestions and news articles please send email to in.newsletter@srcm.org

© 2014 Shri Ram Chandra Mission ("SRCM"). All rights reserved. “Shri Ram Chandra Mission", "Sahaj Marg", “SRCM”, “Constant Remembrance” and the Mission's Emblem are registered Trademarks of Shri Ram Chandra Mission.This Newsletter is intended exclusively for the members of SRCM. The views expressed in the various articles are provided by various volunteers and are not necessarily those of SRCM.